## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०३/०८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

<table>
<tr><th>सि.नं.</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>प्रतिवादीहरु सोरु गाउँपालिका मुगुका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत विरेन्द्र मल्ल समेत १२ जना मु.नं (०८२-CR-०००८) फैसला मिति २०८२।११।२६</td>
<td>गैरकानुनी लाभहानि पुऱ्याउने बदनियतले काम गरी गराई भ्रष्टाचार गरेको।</td>
<td>आयोगको माग दावी<br>• जिल्ला मुगु, सोरु गाउँपालिका गाउँ कार्यापालिको कार्यालय मुगुका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र मल्ल, ईन्जिनियर प्रकाश आचार्य र सव-इन्जिनियर जगत बहादुर मल्ललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा निज प्रतिवादीहरुलाई बिगो रू.७,०६,७९९।७५ (अक्षेरेपि सात लाख छ हजार सात सय उनान्सय रुपैया पचहत्तर पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी प्रतिवादीहरुबाट बिगो असुल उपर हुन मागदावी लिईएको देखिन्छ। साथै निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• जिल्ला मुगु, सोरु गाउँपालिकाका योजना शाखा प्रमुख नविन बुमी र लेखापाल जेठ बहादुर बुढालाई_भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा निज प्रतिवादीहरुलाई बिगो रू.७,०६,७९९।७५ (अक्षेरेपि सात लाख छ हजार सात सय उनान्सय रुपैया पचहत्तर पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी प्रतिवादीहरुबाट बिगो असुल उपर हुन मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>• जिल्ला मुगु, सोरु गाउँपालिका वडा नं. ०१ स्थित जवलधारा पि.सि.सि.सडक निर्माण योजनाको श्रम कार्यदल (उपभोक्ता समिति) का अध्यक्ष चक्र बहादुर छत्याल, सह-संयोजक विष्णु छत्याल, कोषाध्यक्ष घोगीसरा शाही र सचिव मुकुन्दे दमाईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा निज प्रतिवादीहरुलाई बिगो रू.७,०६,७९९।७५ (अक्षेरेपि सात लाख छ हजार सात सय उनान्सय रुपैया पचहत्तर पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा</td>
<td>फैसलाः<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिएको प्राविधिक टोलीको प्रतिवेदनबाट जवलधारादेखि जेठाबाडा दोबाटोसम्मको कामको लम्बाई चौडाई र धुपी गाउँमा भएको कामको लम्बाई चौडाई के कति थियो भन्ने कुरा इकाईगत रुपमा स्पष्ट खुलाउन सकेको नदेखिएको।<br>• उपभोक्ता समितिको खातामा गएको भनिएको बढी रकम उपभोक्ता समितिमा रहने प्रतिवादीहरुले आरोप पत्र दायर हुनु भन्दा अगाडी फिर्ता गरेको अवस्था देखिएको।<br>• प्रतिवादीहरुले अदालतमा बयान गर्दा आरोपित कसुरका इन्कार रही बयान गरेको देखिएको।</td>
<td>• जिल्ला मुगु, सोरु गाउँपालिकाको आ.व.०७७/०७८ मा सोरु गाउँपालिका वडा नं.०१ स्थित_जवलधारा पि.सि.सि. ढलान बाटो निर्माणका लागि मुख्यमन्त्री रोजगार कार्यक्रमको अनुदानबाट रु.३६,४०,०००।– र जनश्रमदानबाट रु.३,७३,४३९।४४।- गरी जम्मा लागत अनुमान रु.४०,१३,४३९।४४।- रकम विनियोजन भई गाउँपालिका र उपभोक्ता समिति बिच सम्झौता भएको देखिन्छ। उक्त सम्झौता बमोजिमको मुगु जिल्ला सोरु गाउँपालिका वडा नं.१ स्थित जवलधारामा पि.सि.सि. बाटो निर्माणको कार्यमा लम्बाई ५१४ मिटर र चौडाई १.७३४ मिटरको सडक निर्माण कार्य भएको भनी नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गरी रु.३५,६७,२००।— उपभोक्ता समितिलाई भुक्तानी भएको देखिन्छ। उक्त योजना निर्माणमा गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र मल्ल समेतका प्रतिवादीहरुले वास्तविक भए गरेको कार्यभन्दा बढी रकम भुक्तानी गरी गराई सरकारी रकम हानिनोक्सानी भएको भन्ने समेत बेहोराको उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतमा दर्ता भई सो उजुरी उपर अनुसन्धानको लागी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतवाट खटिएको सब-ईन्जिनियर प्रकाश न्यौपानेको नेतृत्वमा अनन्त कुमार गौतम र निर्मल कुमार खत्री समेतको प्राविधिक टोलीले मिति २०७९।०२।०६ गते पेश गरेको स्थलगत मुचुल्का सहितको प्राविधिक प्रतिवेदनमा सो योजनाको स्थलगत नाँपजाँच गर्दा जवलधारा भन्ने स्थानमा ३०० मिटर लम्बाई र धुपीगाउँ भन्ने स्थानमा १२० मिटर लम्बाई गरी कुल ४२० मिटर लम्बाई र औषत १.६५ मिटरको पि.सि.सि. ढलान बाटो निर्माण कार्य भएको तथ्य देहायको तुलनात्मक तालिकाबाट पुष्टि भएकै देखिन्छः
<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">आईटमको नाम</th><th colspan="2">परिमाण (Quantity)</th><th rowspan="2">फरक परिमाण (घटि/बढी)</th><th rowspan="2">स्वीकृत दररेट (रू.)</th><th rowspan="2">फरक रकम (रु.)</th></tr>
<tr><th>नापी कितावमा भएको</th><th>फिल्डमा भएको</th></tr>
<tr><td>1</td><td>Earthwork in Excavation</td><td>१७७.७९</td><td>१४५.२७</td><td>३२.५२</td><td>१५४५.००</td><td>५०२४३.४०</td></tr>
<tr><td>2</td><td>Stone soling</td><td>१७७.७९</td><td>१४५.२७</td><td>३२.५२</td><td>७९८१.००</td><td>२५९५४२.१२</td></tr>
<tr><td>3</td><td>Road site PCC (1:2:4)</td><td>८८.९०</td><td>७२.६४</td><td>१६.२६</td><td>२२२२८.००</td><td>३६१४२७.२८</td></tr>
<tr><td>4</td><td>Dry Stone Masonry</td><td>३२.५१</td><td>२६.५६</td><td>५.९५</td><td>५९८१.००</td><td>३५५८६.९५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४७६.९९</td><td>३८९.७४</td><td>८७.२५</td><td></td><td>७,०६,७९९.७५</td></tr>
</table>
• यसरी माथिको तालिकामा विस्तृत विश्लेषण गरिए बमोजिम उक्त सडक निर्माण संरचनाहरु मध्ये Earthwork in Excavation, Stone soling, Road site PCC (1:2:4) र Dry Stone Masonry आईटमको नापी किताबमा क्रमशः १७७.७९, १७७.७९, ८८.९०, ३२.५१ m3 उल्लेख भएकोमा स्थलगत रुपमा नापजाँच गर्दा क्रमशः १४५.२७, १४५.२७, ७२.६४ र २६.५६ m3 मात्र सम्पन्न गरिएको, कामको नापी किताब, कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको भन्दा स्थलगत नापजाँच गर्दा क्रमशः ३२.५२,३२.५२,१६.२६ र ५.९५ m3 को फरक पर्न गएको, योजनाको मूल्य अभिवृद्धि कर सहित रू.४०,०५,९६३।१९ को कार्य सम्पन्न प्रतिवेदन</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>• **जिल्ला मुगु, सोरु गाउँपालिमा कार्यपालिका सदस्य एवं जवलधारा पि.सि.सि. सडक निर्माण अनुगमन समिति संयोजक दलवीर सार्की, समिति सदस्य पुने शाही र सोरु गाँउपालिका वडा नं. १ का तत्कालीन वडा अध्यक्ष मिसिन्द्र शाही**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिको कसुरमा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको सजाय हुन मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• विशेष अदालत, काठमाडौंवाट प्रतिवादीहरु वीरेन्द्र मल्ल, प्रकाश आचार्य, जेठबहादुर बुढा, नविन बुमी, जगतबहादुर मल्ल, दलवीर सार्की, पुने शाही, मिसिन्द्र शाही, चक्रबहादुर छन्त्याल, विष्णु छन्त्याल, घोगीसा शाही र मुकुन्दे दमाईले आरोप दावीबाट सफाई हुने ठहर गरि फैसला भएको देखिन्छ। | | तयार पारी योजनाको वास्तविक भएको काम भन्दा बढी मूल्याङ्कन गरी **रु.७,०६,७९९।७५ (अक्षरेपि सात लाख छ हजार सात सय उनान्सय रुपैया पचहत्तर पैसा मात्र)** बढी भुक्तानी भएको तथ्य उल्लेख गरी प्रतिवेदन पेश गरेको देखिन्छ। प्रस्तुत मुद्दाको पैरवीको क्रममा प्राविधिक सब-ईन्जिनियर प्रकाश न्यौपाने, अनन्त कुमार गौतम र निर्मल कुमार खत्रीले अदलतमा बकपत्र गर्दा समेत आफूहरुले अनुसन्धानको क्रममा पेश गरेको प्राविधिक प्रतिवेदन तथा स्थलगत मुचुल्का समेतलाई समर्थन गरी अदालतमा बकपत्र समेत गरि दिएको देखिँदा उक्त अनुसन्धानको क्रममा संकलित प्राविधिक प्रतिवेदन अदालतमा भएको बकपत्रको परिक्षणवाट गुज्रि प्रमाणको रुप धारण भई रहेको र प्रतिवादीहरुले कम काम र बढी रकम भुक्तानी गरेको देखिँदा देखिँदै उक्त प्रमाण कागजातहरुलाई बेवास्ता गरी प्रतिवादीहरुलाइ आरोप दावीबाट सफाई हुने ठहर गरी भएको फैसला प्रमाण ऐन, २०३१ को दफा १८ को कानूनी व्यवस्था विपरीत भई त्रुटिपूर्ण देखिन आएकोले बदरभागी छ।<br>• प्रतिवादीहरुले अनुसन्धानका क्रममा तथा अदालतमा समेत बयान गर्दा उक्त योजनामा प्राविधिक इन्जिनियर, अनुगमन टोली, वडाको कार्य सम्पन्न भुक्तानी सिफारिस, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन समेतका आधारमा उक्त निर्माण कार्यको भुक्तानी गरिएको हो भन्ने करिब एकै मिलानको इन्कारी बयान गरे तापनि यी प्रतिवादीहरुले स्थलगत रुपमा कम कामको लागि बढी रकम भुक्तानी भएको तथ्य प्राविधिक सब-ईन्जिनियर प्रकाश न्यौपाने समेतले पेश गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन एवं बकपत्र समेतवाट पुष्टि भएको देखिन्छ। प्रतिवादीहरुको इन्कारी बयान आफैंमा प्रमाण बन्न सक्दैन, त्यसलाई स्वतन्त्र प्रमाणले पुष्टि र समर्थन (Corroborate) गरेको हुनुपर्छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले झल्ला भन्ने औशान खाँ वि. नेपाल सरकार भएको मुद्दामा *"कुनै अभियोग लागेको अभियुक्तले कसुर सम्बन्धी कुरामा साबिती भएको वा इन्कारी गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्न सक्दैन बरु सो साबिती वा इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक, वस्तुनिष्ठ एवम् निश्चयात्मक प्रमाणबाट समर्थित गराउनुपर्ने"* **(नेकाप २०७७, अंक ७, निनं. १०५४१)** भनी प्रतिपादित नजिर सिद्धान्त समेतको आधारमा प्रतिवादीहरुको इन्कारी बयान निजहरुलाई सफाई दिने आधारमा बनाउन नमिल्ने अवस्था देखिँदा देखिँदै निजहरुलाई सफाई दिने कै लागि इन्कारी बयानलाई आधार बनाई भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ।<br>• यी प्रतिवादीहरुले स्थलगत रुपमा कम काम गरी लागत अनुमान बमोजिमको काम गरेको देखाई रु.३५,६७,२००।— उपभोक्ता समितिको खातामा भुक्तानी गरेको तथ्य निजहरुले तयार गरेको नापी किताब र कार्य सम्पन्न प्रतिवेदन, भुक्तानी विवरणवाट देखिन्छ भने आयोगको कार्यालय सुर्खेतबाट खटिएको प्राविधिक सब-ईन्जिनियर प्रकाश न्यौपाने समेतले पेश गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन एवं बकपत्र समेतवाट यी प्रतिवादीहरुले वास्तविक भएको काम भन्दा बढी मूल्याङ्कन गरी **रु.७,०६,७९९।७५ (अक्षरेपि सात लाख छ हजार सात सय उनान्सय रुपैया पचहत्तर पैसा मात्र)** बढी भुक्तानी भएको तथ्य देखिन्छ। उक्त बढी भुक्तानी भएको रकम **रु.७,०६,७९९।७५ (अक्षरेपि सात लाख छ हजार सात सय उनान्सय रुपैया पचहत्तर पैसा मात्र)** प्रस्तुत मुद्दाको अनुसन्धान कै क्रममा यी प्रतिवादीहरुले गाँऊपालिकाको बेरुजु खातामा जम्मा गरि फिर्ता समेत गरेको देखिँदा उक्त योजनामा बढी रकम उपभोक्ता समितिको खातामा भुक्तानी गरेको तथ्य निर्विवाद रुपमा स्थापित भइ रहेकोले निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई हुने ठहर गरी भएको फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रदिपकुमार नकर्मी बिरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग भएको **भ्रष्टाचार मुद्दामा** *"कसुर गरेको समयमा कसुरदारले गरेको कार्यबाट नै फौजदारी दायित्व बहन गर्नुपर्ने हुन्छ । कसुर गरेको भनी लगाइएको अभियोग दाबी प्रमाणबाट समर्थित भइसकेपछि तिर्नुपर्ने रकम दायित्व बहन गरिरहेको छु भनी हानि नोक्सानी भएको बिगोसम्म दाखिल गर्ने प्रयोजनका लागि भएका कार्यहरूबाट फौजदारी दायित्वबाट उन्मुक्ति प्राप्त नहुने।"* **(ने.का.प. २०७७ वैशाख,** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | **अंक १, नि.नं. १०४१५)** भनी प्रतिपादित नजिर सिद्धान्त समेतको प्रतिकूल देखिँदा उक्त त्रुटिपूर्ण फैसला बदरभागी छ।<br>• अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरु वीरेन्द्र मल्ल, प्रकाश आचार्य, जेठबहादुर बुढा, नविन बुमी, जगतबहादुर मल्ल, दलवीर सार्की, पुने शाही, मिसिन्द्र शाही, चक्रबहादुर छन्त्याल, विष्णु छन्त्याल, घोगीसा शाही र मुकुन्दे दमाई समेतले आरोप दावी बमोजिमको कसूर गरेको तथ्य स्थापित भई रहेको अवस्था देखिँदा देखिँदै उक्त प्रमाणहरुलाई ग्रहण नगरी प्रतिवादीहरुलाई आरोप मागदाबीवाट सफाई हुने ठहर गरी भएको फैसला बदर गरी उपरोक्त प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |